राप्ती सोनारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अगैया, बाँके
लुम्बिनी प्रदेश, नेपाल

मिति:२०७७/११/११

## आ.व. २०७८/७९ का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धी सूचना !!!

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, सोको नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ (पहिलो संसोधन,२०७७ सहित) बमोजिम आर्थिक वर्ष २०७८/७९ मा न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने बेरोजगार व्यक्तिले आफु बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा **२०७७ फागुन महिना भित्रमा** बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय, रोजगार सेवा केन्द्र, राप्ती सोनारी गाउँपालिका तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाट निशुल्क प्राप्त गर्न सकिने छ ।

### निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः-

१) निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, १ प्रति ।

२) निवेदकको पासपोर्ट साईजको फोटो, १ प्रति ।

३) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, नाता, जन्म मिति, नागरिकता नम्बर, जारी मिति तथा जारी जिल्ला ।

४) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यको शैक्षिक योग्यता, सिप, दक्षता तथा रोजगारीको अवस्था (स्वदेश/विदेश/स्वरोजगार)।

५) स्थायी बसोबास खुल्ने आवश्यक कागजातको प्रतिलिपिः (ना.प्र. पत्र अन्यत्रबाट जारी भएको भए बसाईसराइ प्रमाणपत्रको प्रतिलिपि र ना.प्र. पत्रको स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि ।

६) कुल वार्षिक पारिवारिक आय, परिवारका सबै सदस्यहरुले सामाजिक सुरक्षा कोष, अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता वा आम्दानी लिएको नलिएको विवरण ।

७) यदि निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा निम्न बमोजिमको विवरण ।
देश ...................................... पासपोर्ट नं. .............................
बिदेशमा गरेको कामसंग सम्बन्धित सीप ..........................................................................

८) निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र स्वीकृत गरिने छ ।

**थप जानकारीका लागि सम्बन्धित वडा कार्यालय तथा रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिने छ ।**

शाखा अधिकृत